जयपृथ्वी नगरपालिका, नगर सभाको १३औं अधिबेशनमा प्रस्तुत प्रतिवेदन

२०८० माघ ०४ गते ।

नगर सभाका अध्यक्ष महोदय,

उपाध्यक्ष ज्यू

सभाका सदस्य ज्यूहरु

विकास साझेदार

मिडियाकर्मी ज्यूहरु

कर्मचारी मित्रहरु

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ४ को दफा १९ बमोजिम यस जयपृथ्वी नगरपालिकाको नगर सभाको १३ औं अधिबेशनको गरिमामय सभामा अर्धबार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**चालु आर्थिक बर्ष २०८०/०८१ को प्रगति समिक्षा:**

चालु आर्थिक बर्ष २०८०/०८१ को लागि वित्तीय समानिकरण, ससर्त अनुदान, समुपुरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाड र आन्तरिक आय समेतको रु ५७ करोड ६२ लाख ४ हजार बजेट १२ औं नगरसभाबाट स्वीकृत भएकोमा जिम्मेवारी सारी आउने र शसर्त अनुदानको थप भएको रकम समेत गरी जम्मा रु ५९ करोड ९१ लाख ८० हजार ८ सय ८५ को प्रगति यस १३ औं नगर सभामा पेश गरेको छु ।वित्तीय समानिकरण, शसर्त अनुदान, सम्पुरक अनुदान, विशेष अनुदान, राजश्वबाँडफाड र आन्तरिक आय मध्ये पूँजिगत तर्फ रु १३ करोड ५० लाख ५९ हजार ५ सय ४६ विनियोजन भएकोमा रु १ करोड २३ लाख ७१ हजार ७२ खर्च भएको छ । जुन विनियोजित रकमको ९.१६ प्रतिशत हुन आउँछ । यसै गरी चालु तर्फ रु ४६ करोड ४१ लाख २१ हजार ४ सय दुइ विनयोजन भएकोमा रु १८ करोड ७९ लाख १५ हजार ५ सय २१ खर्च भएको छ, जुन ४०.४९ प्रतिशत हुन आउँछ । चालु र पुँजिगत गरी जम्मा ३३.४२ प्रतिशत रकम माघ ०२ गते सम्म खर्च भएको छ । विषयगत क्षेत्रमा विनियोजन र खर्चको विवरण निम्नानुसार रहेको छ।

| विषयगत क्षेत्र | विनियोजित बजेट | माघ ०२ सम्म खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४,७२,५२,५३८। | ६१,७७,८७२। | १३.०७ |
| सामाजिक विकास | ३४,४४,७०,७३८। | १३,४६,१६,६७८। | ३९.०८ |
| पूर्वाधार विकास | ६,०६,९८,८९६। | ७९,२६,८६२। | १३.०६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,६७,६५,००। | ३४,१३,५९६। | २०.३६ |



अम्मर राज जो
प्रमुख प्रशासकीय

| | | | |
|---|---|---|---|
| कार्यालय संचालन तथा प्रशासनिक | १२,९९,९३,५९४। | ४,८१,५१,५८५। | ३७.०४ |

जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, बझाङ्ग सुदूरपश्चिम प्रदेश नेपाल

<u>आन्तरिक राजश्व प्रक्षेपण र आयको अवस्था</u>

आर्थिक वर्ष २०८०/०८१ को आन्तरिक राजश्व रु १ करोड ६ लाख ९० हजार प्रक्षेपण गरिएकोमा माघ ०३ गते सम्म रु ४० लाख ७४ हजार २ सय ६५ संकलन भएको छ । जुन प्रक्षेपणको ३८.११ प्रतिशत रहेको छ । आगामी आर्थिक ०८१/०८२ को बजेट तयार गर्ने शिलसिलामा २०८० पौष १३ गते राजश्व परामर्श समितिको बैठक बसी आय ब्ययको प्रक्षेपण कार्य सम्पन्न भएकोछ । सोको प्रतिवेदन तयार गरी संघीय अर्थ मन्त्रालय र प्रदेश आर्थिक मामिला मन्त्रालयमा समेत पठाइ सकिएको छ ।

<u>नगरसभा, कार्यपालिका तथा शासकीय प्रवन्ध:</u> नगरपालिकाको नगर सभामा ६० जना सदस्य रहने प्रावधान रहेकोमा वडा नं. २ मा दलित सदस्य नरहेको र २ जना सदस्य जिल्ला समन्वय समिति सदस्यमा निर्वाचित हुनु भएकोले हाल ५७ जनाको नगरसभा रहेको छ भने २१ जनाको नगर कार्य समिति मौजुदा रहेको छ ।२०८० श्रावण १ देखि हालका मिति सम्म कार्यपालिकाको मासिक वैठक ६ पटक बसेको छ । आर्थिक वर्ष २०७९।०८० मा यस नगरपालिकामा भए गरेका नीति निर्माण, संस्थागत सुधार, कार्यक्रम तथा आयोजनाहरुको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) गर्दा ६३.२५ प्रतिशत नतिजा हासिल गरी गत आर्थिक वर्ष भन्दा ३ प्रतिशतले बृद्धि भइ व्यस्थापनमा सुधार भई रहेको छ । नगरपालिका भित्रको सम्पूर्ण जग्गा वर्गिकरणको लागि कन्सल्टेन्ट छनौट गरी जग्गा वर्गिकरण गर्ने कार्य संचालन भइरहेको छ । आर्थिक वर्ष २०८०।०८१ मा नगर कार्यपालिकाको विभिन्न बैठकवाट देहाय बमोजिमका कानुन निर्माण गरी कार्यान्वयनको चरणमा रहेका छन ।

- जयपृथ्वी नगरपालिको विपद जोखिम न्यूनिकरण तथा व्यस्थापन ऐन, २०८०
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्वहार निवारण सम्बन्धी आचारसहिता, २०८०
- जयपृथ्वी नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यबिधि, २०८०
- डोजर (Back Hoi Loader) संचालन कार्यविधि, २०८०
- विधायन समिति गठन तथा संचालन कार्यबिधि, २०८०
- लेखा समिति गठन र संचालन कार्यबिधि, २०८०
- सुशान समिति गठन तथा संचालन कार्यबिधि, २०८०
- विद्यालय लेखापरीक्षण कार्यबिधि, २०८०



अम्मर राज जोशी
प्रमुख प्रशासकीय अधि

**प्रशासकीय संगठन संरचना :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृत दरवन्दी तेरीज अनुसार कार्यालयको लागि २९ जना र वडा कार्यालयको लागि २२ जनाको दरबन्दी रहेकोमा अधिकृत स्तरका २ दरबन्दी रिक्त भएको भएता पनि सहायक स्तरका कर्मचारी वढी भइ जम्मा ३ जना दरवन्दी भन्दा बढी संख्या रहेको छ । कृषि र पशु सेवा शाखामा ३/३ जना कर्मचारी पदपुर्ती छन ।

शसर्त अनुदान तर्फ ५ वटा स्वास्थ्य चौकीमा २५ जनाको दरबन्दी रहेकोमा ३० जना कार्यरत भइ ५ जना कर्मचारी वढी रहेको छन, रिक्त रहेको क्षयरोग मुक्त पालिका घोषणा कार्यक्रमको संयोजक (जनस्वास्थ्य अधिकृत) मा विज्ञापन भइ छनौट प्रकृयामा रहेको छ, सूचना प्रविधि अधिकृत १ जना, रोजगार सेवा केन्द्र अन्तर्गत ३ जना, पन्जिकरण शाखामा २ जना, गरिवसँग विश्वेश्वर कार्यक्रममा १ जना उघुउद्यम विकास कार्यक्रममा २ जना कर्मचारी कार्यरत रहेका छन ।

स्वीकृत दरवन्दी बाहेक कानुनी सल्लाहाकार १ जना केश व्यवस्थापक १ जना, सवारी चालक ६ जना, सहचालक १ जना, सुरक्षा अधिकारी १ जना, सहायक १ जना, कार्यालय सहयोगि १४ जना, माली १ जना, बजार सरसफाइ कर्ता ४ जना, नगरप्रहरी सहायक निरिक्षक १ जना, नगर प्रहरी १० जना, वडा कार्यालय सहयोगि १४ जना, आधारभुत स्वास्थ्य सेवा केन्द्रमा १४ जना, शहरी स्वास्थ्य केन्द्रमा ९ जना , बन चौकीदार १ जना गरी जम्मा ७९ जना वित्तीय समानिकरण तथा आन्तरिक स्रोत बाट व्यहोरिने गरी कार्यरत रहेका छन ।

लैंगिक हिंसा प्रभावित क्षेत्रमा काम गर्नको लागि मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC) नेपाल र नगरपालिकाको साझेदारीमा ७ जना कर्मचारी कार्यरत रहेका छन ।

**बेरुजुको अवस्था :** आर्थिक बर्ष २०७८/०७९ सम्म १८,६९,३६,४७७। बेरुजु रहेकोमा आर्थिक बर्ष २०७९/०८० मा ३,३९,९५,२८५ सम्परीक्षण भइ १५,२९,४१,१९२। बेरुजु बाकी रहेकोमा आर्थिक बर्ष २०७९/०८० को रु ४,२७,३४,२००। थप भइ हाल सम्म १९,५६,७५,४०९ बेरुजु रहेको छ । वेरुजु भएका सम्पूर्ण सरोकारबालाहरुलाई पत्राचार गरिसकेको छ ।

**भौतिक पूर्वाधार तर्फः** आर्थिक वर्ष २०८०/०८१ मा जम्मा १९३ योजना तथा कार्यक्रम रहेका छन । जस मध्ये ३७ वटा योजना तथा कार्यक्रमहरुको सम्झौता कार्य भइ १३ वटा योजनाहरुको निर्माण कार्य समेत सम्पन्न भइसकेका छन । ५ वटा ठूला योजना तथा कार्यक्रमहरुको ठेक्का प्रकृयाको सूचना प्रकासन भइ ठेक्का छनौट तथा सम्झौताको प्रकृयामा रहेका छन । जस अन्तर्गत खारावगर बारील रोड, खुड्चुन

अम्मर राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, बझाङ सुदूरपश्चिम प्रदेश नेपाल

सिंचाइ कुलो, डिलवुंगा धौलावगर शाखा सडक, पानकोट नगरकोट राजकोट सडक, थपाली खेइरा दमदुर तट्वन्ध कार्य रहेका छन ।

<u>प्रधानमन्त्री रोजागार कार्यक्रम अन्तर्गत</u> : हाल सम्म १०३८ जना वेरोजगार सुचिकृत रहेकोमा यस आर्थिक वर्षमा ७९ जनालाई रोजगारीमा संलग्न गराउने लक्ष्य रहेको छ ।

<u>कृषि विकास तर्फ</u>: अनुदानमा उन्नत जातको गहुँको विउ १२ मेट्रिकटन, रासायनिक मल १०७ मेट्रिकटन, ठेक्का मार्फत १२ वटा हाते ट्याक्टर वितरण गरिएको छ । यसै गरी वाली संरक्षण सेवा कार्यक्रममा १६२ जना कृषकलाई आवश्यकता अनुरुप रोग तथा किराको नियन्त्रका लागि विषादी वितरण र २ वटा ओखर बगैचा काटछाट तथा बोर्डोपेस्ट गरिएको छ । साना सिंचाइ सहयोग कार्यक्रम अन्तर्गत सूचना प्रकासन गरी ४४ वटा आवेदन प्राप्त भइ स्थलगत अनुगमन पश्चात आवश्यकता अनुसार आर्थिक विकास समितिको निर्णय बमोजिम छनौट गरिने छ ।

<u>पशु विकास तर्फ :</u> १८५ वटा गाई भैसीमा कृतिम गर्भाधान सेवा दिइएको छ । १५०० पशुचौपायालाई स्वास्थ्य सेवा उपलब्ध गराइएको छ, २३० जनालाई विभिन्न जाताको घाँसको विउ वितरण गरिएको छ । ८० वटा कुकुरलाई रेविज बिरुद्धको भ्याक्सिन लगाइएको छ ।

- <u>शिक्षा तर्फ:</u> चालु आ.व.मा MBBS छात्रवृत्तीमा १ जना दलित जेहेन्दार विद्यार्थीका लागि सूचना प्रकासन भइ छनौट गर्ने प्रकृयामा रहेको । स्थानीय पाठ्यक्रम सम्वन्धी सरोकारवालहरुसँग छलफल गरिएको छ । विद्यालयको क्षति अद्यावधिक गर्न विभिन्न विद्यालयमा उपस्थित भइ क्षतिको विवरण अद्यावधिक गरिएको, शिक्षा समुह गठन गरी विपद सम्बन्धी कार्यगर्ने समिति गठन गरेको छ । विद्यालयहरूमा दिवा खाजा ढुवानीको लागि आवश्यक छलफल र मंसिर बाट पालिकाको ट्र्याकटरमा खाजा ढुवानी गर्ने गरेको। विद्यालयगत रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको,आधारभूत तह कक्षा १-५ मा हाजिरजवाफ प्रतियोगिता संचालन गरिएको, आधारभूत तह कक्षा ६-८ मा बक्तृत्वकला सञ्चालन गरी सम्पन्न गरिएको छ । मा.वि. तहमा निबन्ध लेखन कार्यक्रम सम्पन्न गरिएको छ ।
- सिकाइ क्षति तथा सिकाइ आपूरण योजना कार्यान्वयनको लागि प्रधानाध्यापकहरूलाई अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी सम्पन्न गरिएको छ ।
- नगरपालिकाका माध्यमिक विद्यालय स्तरीय तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको छ ।

अम्मर राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

**स्वास्थ्य तर्फ :** नगरपालिका भित्रका १४ वटा स्वास्थ्य संस्थाबाट दैनिक रुपमा प्रवाह हुने सेवाहरु प्रदान गर्दै आइरहेका छन । ३ वटा वर्थिङ सेन्टरबाट प्रसुती सेवा उपलब्ध हुदै आएको छ। १३९४ जना वालवालिकाहरुलाई भिटामिन A खुवाइएको, १३१७ जनालाई जुकाको औषधी खुवाइएको, ९१० जनालाई पाखुराको नाप लिइएको छ ।१२४ जना स्वास्थ्य संस्थामा सुत्केरी गराइएको छ । डेंगु लगायत किटजन्य रोगहरुको नियन्त्रणका लागि लामखुट्टेको बास स्थान खोजी गरी सिमखेत बजारमा लामखुट्टे नष्ट कार्यक्रम संचालन गरिएको छ । चैनपुर र देवल क्षेत्रमा नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम संचालन गरी ९८९ जनालाई सेवा प्रदान गरिएको छ ।स्वास्थ्य कार्यक्रमको वार्षिक समिक्षा गोष्ठी सम्पन्न गरिएको छ ।

**महिला बालवालिका तथा विपन्न वर्ग तर्फ :** महिला हिंसा, छाउपडी प्रथा तथा वालविवाह न्यूनिकरण सम्बन्धी २५ जना महिलाहरुलाई कानुनी साक्षरता कार्यक्रम सम्पन्न गरिएको छ । २ जना "क" वर्ग र १ जना "घ" वर्ग गरी जम्मा ३ जनालाई अपांग परिचय पत्र वितरण गरिएको छ ।महिला विकास समिति मार्फत लोकसेवा कक्षा संचालन गरिएको छ । महिलाहरुको तथ्यांक संकलन गरी महिला पाश्वचित्र निर्माण भएको छ । अन्य कार्यक्रमहरु बार्षिक कार्ययोजना बमोजिम संचालन हुने क्रममा रहेका छन । साथै दलित पाश्वचित्र निर्माण भई प्रकासन भएको छ ।

**न्यायिक निरुपरण तर्फ :** यस आर्थिक बर्षमा न्यायिक समितिमा दर्ता भएका १२ वटा निवेदन मध्ये ८ वटाको सुनुवाइ भइ फछ्र्यौट भएका छन र बाकी ४ वटा निवेदन सुनुवाइको प्रक्रियामा रहेका छन । सरल र सहज रुपमा मेलमिलाप मार्फत विवादको प्रभावकारी निरुपण गर्न १७ जना मेलमिलाप कर्ता सूचिकृत गरिनुका साथै ११ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।

**पन्जिकरण तथा समाजिक सुरक्षा :** सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत पहिलो त्रैमासिकमा ४२१० जना लाभग्राहीहरुलाइ रु २,५४,९१,५१६। रकम निकाशा गरिएको छ । दोस्रो त्रैमासिकको रकम निकासा हुने चरणमा रहेको छ ।

**सूचना प्रविधि तर्फ:** सूचना प्रविधिको क्षेत्रमा यस जयपृथ्वी नगरपालिकामा हुने निर्णयहरु र अन्य विभिन्न कृयाकलापहरुलाई Website मार्फत सार्वजनिक गर्ने गरेको , सूचना प्रेषण गर्दा Group SMS र Facebook Page मार्फत गर्ने गरेको । नगरपालिकाका सम्पूर्ण ठेक्का पट्टा आह्वान गर्न E-bidding मार्फत गर्ने गरेको ।यस जयपृथ्वी नगरपालिकाका बिभिन्न शाखा जस्तै राजश्व,योजना,भण्डारण, लेखा, सामाजिक सुरक्षा,रोजगार,शिक्षा-युवा तथा खेदकुद शाखामा सूचना प्रविधिको माध्यमबाट सफ्टवयर जडान गरि छिटो,छरितो र प्रभावकारी सेवा प्रवाहमा सहजिकरण गर्ने गरेको । कार्यालयका सबै शाखासंग समन्वयात्मक भुमिका खेलि सूचना प्रविधिको क्षेत्रमा आएका समस्याको समाधान गर्ने गरेको ।

जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, बझाङ सुदूरपश्चिम प्रदेश नेपाल

अम्मर राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

<u>बन बातावरण तथा विपद व्यवस्थापन तर्फ :</u> यस आर्थिक वर्षको असोज १६ र २० गते गएको भुकम्म तथा पटक पटक गएका प्राकम्पनबाट १४६० क्षति भएका घरहरुको विवरण संकलन गरी १२३८ घरका घरधनीलाई नगरपालिका बाट पहिलो किस्ता वापत रु २५००० हजार रकम अस्थायी टहरा निर्माणको लागि निकासा दिइएको र  १७० घर हरुको अस्थायी टहरा निर्माण कार्यको संघ-संस्थाबाट सम्झौता भइ ४० वटा अस्थायी टहराको निर्माण कार्य सम्पन्न भएको छ ।

<u>जिन्सी तर्फ :</u> यस कार्यालयको मुख्य प्रशासकीय भवन १, वडा कार्यालय भवन ९, स्वास्थ्य संस्था भवन ९ वटा आफ्नै रहेका र कार्यालय तथा सचिवालय प्रयोजनको लागि ५ वटा भवन भाडामा रहेका छन । ३ वटा वडा कार्यालयको लागि घर भाडामा रहेको । यस अवधिमा वडा नं ५ को वडा कार्यालय भवन निर्माण सम्पन्न भइ हस्तान्तरणको प्रकृयामा रहेको छ । स्वास्थ्यचौकीको  कार्यालय १ वटा भाडामा रहेको छ । सवारी साधन तर्फ दमकल-१, जे.सी.बी.-१, टीपर-१, ट्याक्टर-१, पिकअप जीप -२, स्कारपियो-१, मोटरसाइकल र स्कुटर ३१ वटा रहेका छन ।

अन्तमा

नगरको आर्थिक, समाजिक विकासमा निरन्तर सहयोग पुऱ्याउनु हुने नगरबासीहरु, राजनीतिक दल बुद्धिजिवी करदाता संचारकर्मी, विकास साझेदारहरु र स्थानीय प्रशासन प्रति हार्दिक आभार प्रकट गर्दै गत आर्थिक वर्ष २०७९।०८० मा नगरपालिकाको न्यायिक समितिको सचिवालयमा उकृष्ट कार्य सम्पादन गर्ने प्रशासन सहायक पाचौं तहको पदमा कार्यरत कर्मचारी श्री अनुजा कुमारी जोशी लाई प्रोत्साहन सहित प्रसंसा प्रत्र प्रदान गर्न यस नगरसभामा पेश गर्दछु ।

नगर कार्यपालिकाको कार्यालय
जयपृथ्वी नगरपालिका
चैनपुर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश नेपाल

अम्मरराज जोशी
प्रमुख प्रशासकीय अधिकृत
जयपृथ्वी नगरपालिका

अम्मर राज जोशी
प्रमुख प्रशासकीय अधिकृत